स्थानीय राजपत्र

केराबारी गाँउपालिकाद्वारा प्रकाशित

खण्ड ६, सङ्ख्या १५, असोज ३१, २०७९

# भाग - २

# केराबारी गाउँपालिकाको स्वास्थ्य कर्मचारीहरुका लागी प्रोत्साहन रकम सम्बन्धी मापदण्ड, २०७९

प्रमाणीकरण मितिः २०७९।०६।३१

स्वीकृत मितिः २०७९।०६।२७

**<u>प्रस्तावना</u> :-** यस केराबारी गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको कार्यालय समय पालनमा नियमितता ल्याउनुका अतिरिक्त कार्यालयको आवश्यकता अनुसार कार्यालय समय बाहेकको अतिरिक्त समय र सार्वजनिक विदाका दिनमा समेत

कार्यालयको कामको सिलसिलामा खटाइने कर्मचारीलाई प्रोत्साहन स्वरुप मौद्रिक सुविधानै प्रदान गरी समग्र गाउँपालिकाले प्रवाह गर्नुपर्ने सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि गर्न केराबारी गाउँपालिकाको गाउँ सभाको दशौ अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको समेतले निर्देश गरे बमोजिमको व्यवस्थालाई वस्तुनिष्ठ र पारदर्शी तवरले व्यवहारमा कार्यान्वयनमा लैजान आवश्यक देखिएकाले,

केराबारी गाउँपालिकाको विनियोजन ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी केराबारी गाउँ कार्यपालिकाले यो मापदण्ड तयार गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस मापदण्डको नाम "**केराबारी गाउँपालिकाको स्वास्थ्य कर्मचारीहरुका लागी प्रोत्साहन रकम सम्बन्धी मापदण्ड, २०७९**" रहनेछ ।

(२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :- विषय र परिभाषाले अर्को अर्थ नलागे यस मापदण्डमा,

(क) “**अस्पताल**" भन्नाले यस केराबारी गाउँपालिकाबाट स्थापना भएर संचालन हुने अस्पताललाई सम्झनु पर्दछ ।

(ख) “**स्वास्थ्य संस्था**" भन्नाले यस केराबारी गाउँपालिकाबाट स्थापना भएर सचालन हुने स्वास्थ्य

संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ग) “**स्वास्थ्य शाखा**” भन्नाले यस केराबारी गाउँ कार्यपालिका अन्तर्गतका अस्पताल सहितका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई संचालन, नियमन तथा सहजीकरण गर्न गाउँकार्यपालिकामा अवस्थित स्वास्थ्य शाखा/इकाइलाई सम्झनु पर्दछ ।

(घ) "**स्वास्थ्य संयोजक**" भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "**अस्पताल/स्वास्थ्य**" संस्था संचालन तथा व्यवस्थापन समिति भन्नाले केराबारी गाउँपालिकाले स्थापना गरी सन्चालन भएका अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई बुझिनेछ ।

(च) "**अस्पताल प्रमुख**" भन्नाले अस्पताल संचालन तथा व्यबस्थापन समितिको सदस्य सचिवलाई सम्झन् पर्दछ ।

(छ) "**स्थायी कर्मचारी**" भन्नाले अस्पतालको दरबन्दी अनुसार समायोजन/सरुवा वा नियुक्ती पदस्थापन भई आउने कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) “**करार सेवा कर्मचारी**" भन्नाले स्थानीय सरकार/प्रदेश वा अन्य निकायबाट स्थानीय आवश्यकता अनुसार सेवा प्रवाहलाई सहज बनाउने

उद्देश्यका साथ निश्चित समय (वढीमा १ वर्ष) का लागि सेवा सम्झौता गरी कामकाजमा खटिई आएको कर्मचारीलाई सम्झनुपर्दछ ।

(झ) “**आधारभूत स्वास्थ्य सेवा**" भन्नाले आम नागरिकको स्वास्थ्य सेवाको आवश्यकता पूर्तिका लागी राज्यबाट शुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई सम्झनु पर्दछ ।

(ञ) "**सिफ्ट**" भन्नाले दैनिक ८ घण्टा ड्यूटी समयलाई एक सिफ्ट हो भनि सम्झनुपर्छ ।

(ट) "**अतिरिक्त समय**" भन्नाले कार्यालय समय वाहेक वा दैनिक ८ घण्टाभन्दा वढी गरेको कामलाई सम्झनुपर्छ ।

(ठ) "**प्रोत्साहन सुविधा**" भन्नाले कार्यालय समय वाहेक वा दैनिक सिफ्ट साथै एक सिफ्ट भन्दा घटी वा वढी काम गरेको अवस्थामा प्रति घण्टा मासिक सम्वन्धित तहको कर्मचारीको सूरु तलव स्केललाई आधार मानी दिइने प्रोत्साहन सुविधालाई सम्झनुपर्छ ।

(ढ) "**सिफारिसकर्ता अधिकारी**" भन्नाले केराबारी गाँउपालिकाको स्वास्थ्य शाखा प्रमुख सम्झनु पर्दछ ।

(ण) **"अख्तियारप्राप्त अधिकारी"** भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(त) **"प्रशासन शाखा प्रमुख"** भन्नाले पालिका अस्पतालको हकमा प्रशासन शाखा प्रमुख तथा अन्य स्वास्थ्य संस्थाको हकमा सम्बन्धित संस्था प्रमुखलाई सम्झनुपर्छ ।

**३. कर्मचारीलाई प्रोत्साहन तथा खाजा खर्चको रकम उपलब्ध गराईने** :- (१) पालिका अस्पतालमा पालिकाको आन्तरिक स्रोतबाट खर्च बेहोर्ने गर्ने गरि गाँउपालिकाले खटाएका मेडिकल अधिकृत स्तरको कर्मचारीलाई मासिक आवास खर्च वापत रु पन्ध्र हजार, सञ्चार खर्च वापत रु पाँच हजार र अनुसुचि २ बमोजिमको अतिरिक्त समय खटिएको विवरण तथा अनुसुचि ३ बमोजिमको सिफारिसकर्ताको सिफारिसको आधारमा कम्तिमा १२० घण्टा अतिरिक्त समय काम गरे प्रोत्साहन स्वरुप मासिक एकमुष्ट वाइस हजार उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम बाहेक पालिका अस्पतालमा खटिएका विषय बिशेषज्ञ वा चिकित्सकहरुलाई मासिक आवास खर्च वापत रु पन्ध्र हजार र अनुसुचि २ बमोजिमको अतिरिक्त समय खटिएको विवरण तथा अनुसुचि ३ बमोजिमको सिफारिसकर्ताको सिफारिसको आधारमा अतिरिक्त समय काम गरे बापत उपदफा (३) बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बाहेक पालिका अस्पतालमा कार्यरत अन्य कर्मचारीहरुलाई अनुसुचि २ बमोजिमको अतिरिक्त समय खटिएको विवरण तथा अनुसुचि ३ बमोजिमको सिफारिसकर्ताको सिफारिसको आधारमा तपसिल अनुसार प्रोत्साहन रकम भुक्तानी गरीनेछ ।

प्रती सिफ्ट अतिरिक्त समय काम गरे वापत = शुरु तलब स्केल/मासिक कार्य दिन

वा

एक सिफ्ट भन्दा घटी वा वढी काम गरेको अवस्थामा = शुरु तलब स्केल/मासिक कार्य दिन/८ घण्टा

(४) पालिका अस्पतालमा बाहेका अन्य स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई अनुसुचि १ बमोजिमको अख्तियार प्राप्त अधिकारीको अनुमतिको आधारमा अनुसुचि २ बमोजिमको अतिरिक्त समय खटिएको विवरण तथा अनुसुचि ३ बमोजिमको सिफारिसकर्ताको सिफारिसको आधारमा सार्बजनीक बिदाको दिन स्वास्थ्य संस्थामा वा कार्यालयको काममा खटाईएका कर्मचारीहरुलाई खाजा खर्च वापत प्रति दिन रु ६००।— रकम तथा कार्यालय दिनमा अतिरिक्त समय खटिएको भएमा प्रति दिन रु ३००।- भुक्तानी गरीनेछ ।

(५) चौबिस घण्टे बर्थिङ सेन्टरमा काम गर्ने कर्मचारीहरुलाई अनुसुचि २ बमोजिमको अतिरिक्त समय खटिएको विवरण तथा

अनुसुचि ३ बमोजिमको सिफारिसकर्ताको सिफारिसको आधारमा बर्थिङ सेवा उपलब्ध गराएको दिनको लागि रात्रीकालिन खाजा खर्च वापत प्रती रात रु ३००।- उपलब्ध गराउने ।

(६) गाँउपालिकाका विभिन्न वडा कार्यलयहरुमा रहेका स्वास्थ्य संस्थाहरुमा खोप तथा अन्य स्वास्थ्य सामाग्रीको नियमित ढुवानी कार्यमा खटिने कार्यलय सहयोगीलाई खोप तथा अन्य स्वास्थ्य सामाग्री गाउँपालिकाबाट ढुवानी गराउदा प्रोत्साहन स्वरुप एक पटकको वडा नं १ र २ का दुई दिनको दैनिक भ्रमण भत्ता खर्च बापत हुन आउने रकम रु २०००।— वडा न ४ एक दिनको दैनिक भ्रमण भत्ता खर्च बापत हुन आउने रकम रु १०००।— वडा नं ५, ३ र ९ का लागी रु ५००।— वडा नं ६, ७ र ८ का लागी रु २००।— उपलब्ध गराइनेछ ।

(७) प्रयोगशालामा/रेडीयोलोजी सेवामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य संस्थामा भईरहेको कामको प्रकृती तथा प्रयोगशाला/रेडीयोलोजी सेवाको आम्दानीको अबस्था हेरी स्वास्थ्य ब्यबस्थापन समितीको निर्णय अनुसार स्वास्थ्य विमा सेवा बाहेकको प्रयोगशाला/रेडीयोलोजी सेवाको आम्दानीबाट खर्च हुने गरी १० प्रतिशत सम्म प्रोत्साहन रकम उपलब्ध गरीनेछ ।

(८) पालिका अस्पतालमा खटिएका कर्मचारिहरुलाई स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरे बापत स्वास्थ्य विमा वोर्डबाट प्राप्त हुने अनुदान मध्ये स्थानीय तह स्वास्थ्य विमा संयोजन समितिको निर्णय बमोजिम अधिकतम पच्चिस प्रतिशत सम्म ब्यबस्थापन समितीको

निर्णय अनुसार स्वास्थ्य विमासँग सम्बन्धित कर्मचारीहरुलाई प्रोत्साहनको रकम उपलब्ध गरीनेछ ।

(९) पालिका अस्पतालमा खटिएका कर्मचारिहरुलाई अस्पतालले नै आवास सुविधा उपलब्ध गराएको हकमा उपदफा (२) बमोजिमको मासिक आवास खर्च उपलब्ध गराइनेछैन ।

**४. खाईपाई आइको तलब रकम भन्दा बढी हुने गरी प्रोत्साहन रकम उपलब्ध नगराईने** :- यस मापदण्डमा अन्यन्त्र जुनसुकै कुरा लेखीएको भएता पनी कर्मचारीको खाईपाई आएको मासिक तलब रकम भन्दा बढी हुने गरी प्रोत्साहन रकम उपलब्ध गराईने छैन ।

**५. स्वीकृत बजेटको परिधी भित्र रहेर मात्र प्रोत्साहन रकम उपलब्ध गराईने** :- यस मापदण्डको अन्यन्त्र नियामहरुमा जुनसुकै कुरा लेखीएको भएता पनी स्वीकृत बजेटको परीधी भित्र रहेर मात्र प्रोत्साहन तथा अन्य थप खर्चको रकम उपलब्ध गराईनेछ ।

**६. अन्य रकम उपलब्ध नगराइने** :- यस मापदण्ड भन्दा बाहेक व्यवस्थापनको समितिको निर्णय गराएर गाउँपालिकाको पूर्वस्वीकृति विना कर्मचारीहरुलाई अन्य कुनै सुविधा प्रदान गर्न पाइनेछैन ।

**७. संसोधन** :- यस मापदण्डको ब्यबस्थीत र प्रभाबकारी रुपमा कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

**८. प्रचलित कानून लागु हुने** :- यस मापदण्ड भएका ब्याबस्थाहरु संघीय तथा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत अमान्य हुनेछन ।

अनुसूची १

(मापदण्डको दफा ३ सँग सम्बन्धित)

**श्री अख्तियार प्राप्त अधिकारी ज्यू,** मितिः २० । ।

**केराबारी गाउँ कार्यपालिकाको कार्यालय, केराबारी, मोरङ ।**

विषयः **अतिरिक्त समयमा कार्यालयको काममा खटाउनुपर्ने कर्मचारीलाई अनुमती दिने**।

प्रस्तुत विषयमा यस कार्यालयको देहायमा उल्लिखित काम कार्यालय समयमा मात्र खटिएर सम्पादन हुन सक्ने नदेखिएकाले उक्त काम सम्पादन गर्न तपसिलमा उल्लिखित कर्मचारीलाई कार्यालय समय बाहेकको अतिरिक्त समयमा खटाउन सिफारिससाथ अनुरोध गर्दछु/गर्दछौं।

| **कार्यालय समयमा सम्पादन हुन नसक्ने कामको संक्षिप्त विवरण** | **अतिरिक्त समयमा कर्मचारीलाई खटाउनुपर्ने** | |
|---|---|---|
| | मिति (देखि-सम्म) | दैनिक अतिरिक्त समय घण्टा |
| | | |
| | | |
| | | |

| **अतिरिक्त समयमा काममा खटिने-** | **अतिरिक्त समयमा कर्मचारीलाई काममा खटाउन सिफारिस गर्ने सिफारिसकर्ताको-** |
|---|---|
| कर्मचारीको नाम, थरः<br><br>दर्जा र तहः<br><br>हस्ताक्षरः<br><br>कार्यालयको नामः | नाम, थरः हस्ताक्षरः<br><br>दर्जाः<br><br>नाम, थरः हस्ताक्षरः<br><br>दर्जाः<br><br>मितिः<br><br>कार्यालयको नामः |

पेश भए बमोजिमको अतिरिक्त समयमा उल्लिखित कर्मचारीलाई दैनिक ......... घण्टाका दरले बढीमा मासिक .............. घण्टा बराबरको प्रोत्साहन सुविधा पाउने गरी कार्यालयको काम सम्पादन गर्न अनुमती प्रदान गरिएको छ।

| **सम्बन्धित शाखाले मात्र भर्ने:** | **अनुमती प्रदान गर्ने अख्तियार प्राप्त अधिकारीको-** |
|---|---|
| **अतिरिक्त समयमा काम गर्न खटाइएको आदेशको-**<br>चलानी नम्बरः<br>मितिः | हस्ताक्षरः<br>नाम, थरः<br>दर्जाः<br>मितिः |

अनुसूची २

(मापदण्डको दफा ३ सँग सम्बन्धित)

**अतिरिक्त समय खटिएको विवरण**

**श्री सिफारिसकर्ता अधिकारीज्यू,** मितिः २० । ।

**.......... कार्यालय, केराबारी गाउँपालिका, मोरङ।**

विषयः **अतिरिक्त समय प्रमाणित गरी पाउँ।**

प्रस्तुत विषयमा देहायमा उल्लिखित मितिमा कार्यालयको कामको सिलसिलामा मलाई कार्यालयको समय भन्दा बाहेक थप समयमा सिफारिसकर्ता अधिकारीज्यूको आदेशमा खटाइएकोले उक्त अतिरिक्त समयको हाजिरी समय प्रमाणित गरी दिनु हुन अनुरोध गर्दछु ।

| क्र.सं. | अतिरिक्त समयमा खटिएको मिति | समय (देखि-सम्म) | खटाइएको काम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**निवेदक कर्मचारीको** -

नाम, थरः दर्जाः हस्ताक्षरः

**हाजिरी समय सिफारिस गरी दिने सम्बन्धित स्वास्थ्य संस्थाको प्रशासन शाखा** -

नाम, थरः दर्जाः हस्ताक्षरः

**हाजिरी समय प्रमाणित गरी दिने सिफारिसकर्ताको** -

नाम, थरः दर्जाः हस्ताक्षरः

अनुसूची ३

(मापदण्डको दफा ३ सँग सम्बन्धित)

**सिफारिसकर्ताको सिफारिसको ढाँचा**

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,** मितिः २०  ।  ।

**केराबारी गाउँ कार्यपालिकाको कार्यालय, केराबारी, मोरङ।**

विषयः **अतिरिक्त समयमा काम गर्ने कर्मचारीलाई प्रोत्साहन उपलब्ध गराई दिनुहुन**।

पेश भए बमोजिमको कर्मचारीलाई अतिरिक्त समयमा उल्लिखित कार्य गर्न खटाइएकोमा निजले खटाए बमोजिमको कार्य .......... घण्टा अतिरिक्त समयमा खटिएर इमानदारीताका साथ सम्पादन गरेको पाइएको हुँदा मापदण्ड बमोजिम प्रोत्साहन सुविधा उपलब्ध गराई दिनुहुन सिफारिससाथ अनुरोध गर्दछु/गर्दछौं।

**सिफारिसकर्ताको-**

नाम, थरः दर्जाः हस्ताक्षरः